# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

राप्ती उपत्यका, (देउखुरी), दाङ्ग।

**प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फका स्वास्थ्य वाहेकका कार्यक्रमहरुको रिक्त कोटाको लागि cut-off/उत्तर्णि सूचीबाट योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशित मिति २०८२।०५।१९)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी  भक्तपुर, पूर्व प्रकाशित सूचना अनुसार प्रि- डिप्लोमा र डिप्लोमा/ प्रमाणपत्र तहका वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फ स्वास्थ्य वाहेकका कार्यक्रमहरुको मिती २०८२/०५/०१ गते नतिजा प्रकाशित गरी भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुलाई मिति २०८२/०५/१० गते कार्यालय समय भित्र तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन सूचित गरिएकोमा तोकिएको मिति र समयमा भर्ना हुन नगएको कारणले रिक्त रहन आएको सिटमा सम्वन्धित शिक्षालयहरुले पठाएको पत्रलाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका अनुसार Cut-Off/उत्तिर्ण सुचिबाट योग्यताक्रम अनुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । भर्नाको लागि सिफारिस भएका उम्मेदवारहरुले मिती २०८२/०५/२५ गते कार्यालय समय भित्र ताकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराइन्छ । सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेको सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद् लुम्विनी प्रदेश कार्यालयको इमेल exam.ctevtp5@gmail.com मा अनिवार्य रुपमा भर्ना निर्देशिका बमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

**निर्देशक**

टेलिफोन ☎ : ०८२-४२००७७ ईमेल ✉: ctevtprovince5@gmail.com वेब साईट :www.ctevtp5.org.np